# बर्दिबास नगरपालिकाको चौथो नगरसभामा पेश भएको
# आर्थिक बर्ष २०७६/०७७ को वार्षिक नीति तथा कार्यक्रम

**नगर सभाका सदस्यज्युहरु**
**उपस्थित सबै कर्मचारीहरु ।**

बर्दिबास नगरपालिकाको चौथो नगरसभामा आगामी आर्थिक बर्ष २०७६/०७७ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । म यस समयमा नेपालका विभिन्न कालखण्डमा भएका आन्दोलनमा सहादत प्राप्त गर्ने सम्पूर्ण शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । साथै विभिन्न चरणका आन्दोलनका क्रममा घाइते भई शारीरिक तथा मानसिक रुपमा अशक्त हुनु भएका महानुभावहरु प्रति हार्दिक सहानुभुति प्रकट गर्दै उहाँहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

जनताको सबैभन्दा नजिकको सरकारको रुपमा स्थानीय तहले काम गर्ने अवसर प्राप्त गरेको सन्दर्भमा स्थानीय तहको निर्वाचन पछि निर्वाचित जनप्रतिनिधि प्रति जनअपेक्षा बृद्धि भएको महसुस हामीलाई भएको छ । निर्वाचनका क्रममा बर्दिबास नगरपालिकाको समग्र विकासका लागि जनतासँग गरिएका प्रतिबद्धताहरुलाई कार्य रुपमा ल्याउन हामीसँग उपलब्ध सीमित श्रोत साधन, जनशक्ति, अफठ्याराहरु, संक्रमणकालीन कानून र विषयगत निकायहरुको समायोजन र संचालनका जटिलताका कारण हामीले सोचे जस्तो गतिमा अघि बढ्न धेरै चुनौतीहरु देखा परेकाछन् । यद्यपी आम जनतासँग गरेको बचनबद्धता प्रति सदैव प्रतिबद्ध रहने छौँ भन्ने कुरा विश्वास दिलाउन चाहन्छु ।

**नगर सभाका सदस्यज्युहरु**

बर्दिबास नगरपालिका २०७१ साल मंसीर १६ गते साविक ४ वटा गा.वि.स. समेटिएर घोषणा भएकोमा २०७४ सालदेखि अन्य ४ वटा गा.वि.स. समावेश भई तुलनात्मक रुपमा ठूलो क्षेत्रफल भएको नगरपालिका बनेको छ । यस कारण बर्दिबास शहरी र ग्रामिण चरित्र बोकेको विविधतायुक्त र अत्यन्त सबल सम्भावना भएको नगरपालिकाको रुपमा रहेको छ । यस नगरपालिकाको नयाँ विस्तारित क्षेत्रलाई नगरको मूल प्रवाहमा जोड्न विशेष गरी सडक पुर्वाधारका कामहरु अघि बढाउनु, खानेपानीको आपूर्ति व्यवस्था सुदृढ बनाउनु, आर्थिक विकासका क्रियाकलापहरु सञ्चालन गर्नु जनताका सुख सुविधालाई ध्यानमा राखी पछाडी परेका वर्ग र क्षेत्रलाई समेटी नगरवासी भएको अनुभुती दिनु नगरपालिकाको प्राथमिकताका विषयहरुमा राखिएको छ ।

**नगर सभाका सदस्यज्युहरु**

अव यस नगरमा बढ्दो आवादिसँगै यातायात व्यवस्थालाई दीर्घकालीन दृष्टिमा राखी फराकिला सडक सञ्जालको विस्तारलाई आ.व. २०७६/०७७ मा विशेष प्राथमिकतामा राखिएको छ । त्यसैगरी बर्दिबास नगरपालिकाको प्रमुख पेशा कृषि नै रहेको हुँदा कृषि पेशालाई सम्मानजनक पेशाको रुपमा स्थापित गरी आयआर्जनको दरिलो माध्यम बनाउन कृषि उत्पादन तथा उत्पादकत्व बढाउन कृषियोग्य भूमिमा साना सिंचाई योजनाहरु संचालन, कोल्ड स्टोर सहितको अत्याधुनिक कृषि बजारको निर्माण आदि सहित समग्र कृषि विकासका कार्यक्रम समेटिने गरी मेयर कृषि कार्यक्रम, कृषि कलेज स्थापनाको लागि जग्गा व्यवस्थापन, मत्स्य उत्पादन केन्द्र स्थापना, एक घर एक धाराको अवधारणामा आधारित खानेपानी आपूर्तिका कार्यक्रम, पर्यटकीय पूर्वाधार विकासका कार्यक्रम जस्ता कार्यक्रमहरु संचालन गर्न उच्च प्राथमिकता दिई अगाडि बढाउन बजेटको व्यवस्था गरिएको छ ।

**नगर सभाका सदस्यज्युहरु**

अव म बर्दिबास नगरपालिकाले आ.ब. २०७६।०७७ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु प्रस्तुत गर्दछु ।

- नेपालको संविधानका प्रस्तावना, मौलिक हक, राज्यका नीतिहरु, स्थानीय आर्थिक कार्य प्रणाली एवं एकल तथा साझा अधिकार सूची,
- संघीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,

- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- प्रदेश सरकारले लिएका आर्थिक एवं वित्तीय नीतिहरु,
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु,
- नेपालले अन्तर्राष्टिय जगतमा जनाएका प्रतिबद्धताहरु
- स्थानीय सरकार संचालन ऐन तथा अन्य नियमावलीका प्रावधानहरु,
- स्थानीय तहका क्षेत्रगत नीति, रणनीतिहरु, योजना तथा अध्ययन प्रतिवेदनहरु,
- विकासका समसामयिक मुद्धाहरुः सामाजिक संरक्षण, दीगो विकास, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, तथा पोषण सुरक्षा, लैङ्गीक सशक्तिकरण तथा समावेशी विकास , बालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तर सम्बन्धित बिषयहरु,
- निर्वाचनको क्रममा जारी गरीएको निर्वाचन घोषणापत्रहरु,
- बर्दिबास नगरपालिकाले आवश्यक ठानेका बिषयहरु ।

**नगर सभाका सदस्यज्युहरु**

अव म बर्दिबास नगरपालिकाले आ.ब. २०७६।०७७ को नीति तथा कार्यक्रम तर्जुमाका प्राथमिकताहरु उल्लेख गर्न चाहन्छुः

- भौतिक पूर्वाधार र आर्थिक विकास
- सामाजिक विकास
- नगर जनता आवास
- नीतिगत, कानुनी एवं संरचनागत विकास
- सार्वजनिक सेवा प्रवाहमा सुधार र सार्वजनिक खर्चमा वित्तीय अनुशासन तथा पारदर्शिता
- बालबालिकाको हित संरक्षण एवम् महिला सशक्तिकरण र क्षमता विकास
- उद्यमशीलताको विकास र रोजगारी सिर्जना
- ऐतिहासिक एवं धार्मिक सांस्कृतिक धरोहरहरुको संरक्षण र प्रवर्धन
- सरसफाई र वातावरणीय स्वच्छता अभिबृद्धि
- अन्य सरकारी निकाय, गैर सरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य ।
- बन बातावरण तथा विपद व्यवस्थापन

**आदरणीय महानुभावहरु**

अव म बर्दिबास नगरपालिकाले लिएका विभिन्न क्षेत्रगत नीतिहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।

## क) पुर्वाधार विकास नीति

## सडक तथा यातायातको ब्यवस्था तर्फ

- नगर भित्रका सम्पुर्ण सडकहरुको बर्गिकरण गरी मापदण्ड तोकीने छ ।
- नगर यातायात गुरुयोजना निर्माण गरी लगानी सुनिश्चित गरिनेछ ।
- वस्तीबाट वडा केन्द्र जोड्ने सडक, वडा केन्द्रवाट नगर केन्द्र जोड्ने अधुरा सडकहरुलाई बिशेष प्राथमिकताका साथ निर्माण गरीनेछ ।
- सम्पुर्ण वडाहरुलाई जोड्ने गरी रिङ्रोड निर्माणका लागि संभाब्यता अध्ययन गरी डिपिआर तयार गरिनेछ ।
- नगरपालिकाका सडकहरु निर्माण गर्दा वातावरणमैत्री प्रबिधी अवलम्बन गरिनेछ ।
- यस आ.ब.मा न्युनतम १० कि.मि.सडक कालोपत्रे गर्न MTMP को सडकको प्राथमिकताको आधारमा कालोपत्रे गरिनेछ । यस नगर क्षेत्र भित्र पर्यटन प्रबर्धनकालागि गौरिवास, माईस्थान र खयरमारालाई जोड्ने चुरे करिडोर पर्यटकीय सडक निर्माण गरिने छ ।

- नगरको लगानीमा गत आवमा स्तरोन्नती गरिएका अधुरो सडकहरुलाई निरन्तरता दिइनेछ ।
- बनपा भित्रका महेन्द्र राजमार्ग, बिपी राजमार्ग, बर्दिवास जलेश्वर सडक खण्ड अन्तर्गत रहेका सडकहरुलाई संघीय सरकार मार्फत मापदण्ड अनुसार सौन्दर्यकरण र वातावरण मैत्री बनाउनको लागि पहल गरिने छ ।
- नगरपालिका भवनका लागि जग्गा व्यवस्थापन गरी निर्माणलाई अगाडी बढाइनेछ ।
- अन्तर नगरपालिका जोड्ने सडकहरुलाई संघीय सरकार र प्रादेशिक सरकारसंग  समन्वय गरी अगाडी बढाईने छ ।
- स्थानीय सडक , ग्रामिण सडक, कृषि सडकलाई स्तरोन्नती गरी कृषि उत्पादन बृद्धि र बजारीकरणसँग जोडिनेछ ।
- निजी यातायातलाई नियमन तथा ब्यवस्थापन गरिनेछ ।
- नगर भित्रका सम्पुर्ण सडकहरुलाई बाह्रै मास संचालन योग्य बनाउन बार्षिक सडक मर्मत सम्भार योजना निर्माण गरी लागु गरिनेछ ।
- बर्दिबासमा सुविधा सम्पन्न व्यवसायिक भवन निर्माण गरिने छ ।

### आवास तर्फ

- जनता आवास कार्यक्रमलाई नगर गौरवको योजनाको रुपमा अघि बढाईने छ ।
- प्रदेश सरकारको समन्वयमा अति विपन्न परिवारको लागि छानो फेर्ने कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

### सिचाई

- मेयर कृषि कार्यक्रम मार्फत प्रत्येक वडामा सिचाइका लागि आवश्यक व्यवस्था गरिने छ ।
- बर्दिबास नगरपालिकाका सबै वडाहरुमा रहेका खेतीयोग्य जमीनको तथ्याङ्क संकलन गरी कमाण्ड एरिया छुट्टयाई सिचाई व्यवस्थापनका लागि सतह सिचाई, लिफ्ट सिचाई भूमीगत सिचाई(Dip boring)  थोपा सिंचाई लगायतको सिंचाई प्रविधि अपनाइनेछ । वडाहरुबाट प्राप्त सिचाईका योजनाहरुलाई क्रमिक रुपमा कार्यान्वियन गरिनेछ ।

### भवन तथा शहरी विकास

- घर नक्शा पास प्रकृयालाई डिजिटाइजेसन गरिदै लगिने छ ।
- पुराना बनिसकेका वहुतल्ले भवनहरुलाई उक्त भवनहरुको अभिलेख राख्ने कार्यलाई अघि बढाइनेछ ।

### उर्जा

- विद्युत चुहावटमुक्त  नगर घोषणा गरी उज्यालो बर्दिबास  नगर अभियानलाई निरन्तरता दिइनेछ ।
- नगरक्षेत्र भित्रका पुराना काठका पोलहरुलाई विस्तापित गरी सिमेन्ट र फलामका पोलहरु जडान गरिने छ ।
- प्रदेस सरकारसँगको समन्व तथा सहकार्यमा उर्जा क्षेत्रका सम्भाव्य क्षेत्र पहिचान गरी विकास गरिनेछ ।

## ख)  आर्थिक विकास नीति

### कृषि तर्फ

- कृषि क्षेत्रको व्यवस्थित  र योजनाबद्ध विकासको लागि  नगरको गौरबको रुपमा रहेको मेयर कृषि कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- परम्परागतबाट आधुनिक, निर्वाहमुखीबाट व्यावसायिक कृषि प्रणाली स्थापनाका लागि कृषिको  उत्पादन, व्यवस्थापन एवम् बजारीकरण गरी  मेयर कृषि कार्यक्रमको प्रमुख अंगको रुपमा Model Agro village स्थापना  गरिने छ ।
- बर्दिबास नगरभित्र प्रत्येक टोलमा कृषि उत्पादन समूह निर्माणमा विशेष जोड दिइने छ ।
- कृषि जन्य बस्तुहरुमा रसायनिक मल एवम् विषादीलाई निरुत्साहित गर्दै  कृषि उत्पादन तथा बजारीकरण प्रवर्धनका लागि दिगो कृषि प्रणालीलाई अघि बढाइने छ ।

- कृषि  तथा पशु सेवा केन्द स्थापना गरी सम्पूर्ण कृषकहरुको लागि कृषि प्राविधिकको पहुँचलाई सुनिश्चित गरिने छ ।
- Model Agro Village भित्र सुरक्षित सित भण्डार, मत्स्य पालन केन्द्र , Custom Hiring Center, माटो परीक्षण केन्द्र, कृषि औजार मर्मत केन्द्र, पशु प्रजनन केन्द्र, बाली उपचार केन्द्र, बृक्षारोपण तथा बगैचा  यसै आवमा निर्माण गरिने छ ।
- कृषकहरुलाई बालिनालीको लागि ऋण र विमा गर्न वित्तिय संस्थाहसँग समन्वय गरी सहजिकरण गरिने छ ।
- उत्पादन नियन्त्रण प्रणाली स्थापना गरी कृषकहरुको तथ्याँक संकलन गरिनेछ ।
- कृषि उत्पादनमा बढावा दिन वार्षिक रुपमा कृषि मेलाको आयोजना गरिनेछ ।
- उत्कृष्ट किसान र कृषि समूहलाई सम्मान गर्ने कार्यक्रम ल्याईनेछ ।
- उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्धन, विकास तथा बजारीकरण गरिनेछ ।
- Model Agro village भित्र वोयर, जमुनापारी लगायतका उन्नत जातका बोकाहरु, मुर्रा लगायत उन्नत जातका रागाहरुको ब्यवस्थापन गरी नस्ल सुधारका प्राकृतिक तथा कृतिम उपायहरु अपनाइनुका साथै नगरलाई उन्नत जातका भैसीको स्रोतकेन्द्रको रुपमा विकास गरिनेछ ।
- पशुपालक कृषकहरुलाई घाँसका विउ तथा डाले घाँसका बेर्नाहरु उपलब्ध गराइ पशु आहार सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशु र पंक्षीमा लाग्ने विभिन्न रोगहरुको निवारणका लागि पशु पंक्षि निशुल्क खोप सेवा अभियान सञ्चालन गरिनेछ । त्यसका लागि सवै वडाहरुमा बर्षमा २ पटक पशु पंक्षी स्वास्थ्य सिविर सञ्चालन गरिने छ ।
- सवै वडाहरुमा माटो परीक्षण सिविर सञ्चालन गरिनेछ ।
- पशुपंक्षि पालक किसानहरुका लागि आवश्यकता अनुसार पशुपंक्षी सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।
- कृषकहरुलाई गुणस्तरीय सेवा दिन कृषि तथा पशु प्राविधिकहरुलाई क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- गरिबीको रेखामुनि रहेका किसानहरूलाई सहुलियतपूर्ण कर्जाका लागि आवश्यक सहजीकरण  गरिनेछ ।
- उन्नत जातको पशु र सुधारिएको गोठलाई प्रोत्साहनका कार्यक्रम संचालन गरिने छ ।
- पशुपंक्षि हाट बजारको लागि निश्चित स्थानमा पूर्वाधार  निर्माण गरी एकै स्थानबाट किनबेच गर्ने व्यवस्था मिलाइने छ ।
- कृषक सहकारी तथा समूह मार्फत दुग्ध डेरी संचालनमा प्रोत्साहन गरिने छ ।
- छाडा पशु चौपाया नियन्त्रणमा कडाई गरिने छ ।

**पर्यटन**

- बर्दिबास नगरपालिका क्षेत्र भित्र रहेका धार्मिक, सांस्कृतिक, ऐतिहासिक महत्वका क्षेत्रहरुको संरक्षण सम्बर्धन गरी पर्यटन क्षेत्रको रुपमा विकास गरिनेछ ।जसमा पञ्चधुरा माइमन्दिर र टुटेश्वरनाथ मन्दिर क्षेत्रलाई धार्मिक पर्यटन क्षेत्र घोषणा गरिने छ ।
- पर्या पर्यटन तथा नबीन पर्यटकीय सेवाहरुको पहिचान गरी व्यवस्थापन गरिनेछ ।
- Model Agro village लाई पर्यटक क्षेत्रको रुपमा विकास गरिनेछ ।

## सहकारी तर्फ

- सहकारी संस्थाको दर्ता अनुमति तथा नियमन कार्यलाई व्यवस्थित गरिनेछ ।
- कानून विपरित संचालनमा रहेका संस्थाको दर्ता खारेज गरिने छ ।
- प्रत्येक परिवारलाई आ-आफ्नो आय अनुसार सहकारीमा अनिवार्य बचतको लागि अभिप्रेरित गरिने छ ।
- नगर क्षेत्रको सहकारी संस्थाको तथ्याँक संकलन गरी अभिलेखीकरण गरिने छ ।

**उद्योग/वाणिज्यतर्फ**

- नगर भित्र रहेका लघु तथा घरेलु उद्योगहरुको तथ्याङ्क संकलन गरि उद्योगहरुको प्रबर्धन र विकासमा जोड दिइने छ ।
- बर्दिबास नगरपालिका भित्र संचालन गर्न छुट्टै औद्योगिक क्षेत्र स्थापनाका लागि पहल गरिने छ । साथै वाणिज्य प्रवर्धनका लागि विशेष ध्यान पुयाइने छ ।
- युवा स्वरोजगारको लागि सिप विकासको तालिम दिइ लघु तथा घरेलु उद्योग संचालन गर्न प्रोत्साहन गरिने छ ।
- वैदेशिक रोजगारमा गई स्वदेश फर्केका युवाहरुलाई उद्योग संचालन गर्न आवश्यक पर्ने सिप, पूँजीको प्रबन्ध गर्न विशेष कार्यक्रम संचालन गरिने छ ।
- कृषिमा आधारित उद्योग स्थापना र संचालनमा प्रोत्साहित गरिने छ ।

### खानी तथा खनिज

- वातावरणमा प्रतिकुल असर नपर्ने गरी प्रचलित कानून बमोजिम नगरपालिका भित्र रहेका खोलानालाबाट ढुङ्गा, गिटी वालुवा उत्खनन गरि बिक्रि वितरण गर्न आवश्यक प्रबन्ध गरिने छ ।
- गैर कानूनी ढुङ्गा गिटि बालुवा उत्खनन् तथा बिक्रि कार्यलाई कडाइकासाथ नियमन गरिनेछ ।

### रोजगार प्रवर्धन तथा गरिवि न्यूनीकरण

- गरिवी निवारणको लागि संघीय एवम प्रदेश सरकार सँग  समन्वय गरी कार्यक्रमहरु संचालन गरिने छ ।
- वैदेशिक रोजगारमा रहेको युवाहरुको तथ्याँक संकलन गरी स्वरोजगार कोष स्थापन गरिने छ ।
- बेरोजगार युवाहरुको तथ्याङ्क संकलन गरी न्युनतम १०० दिनको रोजगारीको सुनिश्चतता गरिने छ ।
- बेरोजगार युवाहरुलाई मागमा आधारित सीपमूलक तालिमको व्यवस्था गरिने छ ।

### ग) सामाजिक विकास नीति

### शिक्षा शिक्षातर्फ

- बर्दिबास नगरपालिकालाई शैक्षिक केन्द्र ( Educational Hub)  को रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- नगर भित्रका सबै विद्यालयहरुमा पूर्व प्राथमिक तथा प्रारम्भिक वालविकासको गुणस्तरीय पहुँच अभिबृधि गरिने छ ।
- नक्शांकनका आधारमा नयाँ विद्यालय स्थापना, अनुमति, कक्षा थप गरी विद्यालय शिक्षाको पहुँच सुनिश्चित गरिने छ ।
- विद्यालय शिक्षामा सूचना प्रविधिको विकास एवम् विस्तार गरी गुणस्तर सुधारमा जोड दिइने छ ।
- **"हाम्रो विद्यालय, राम्रो विद्यालय, हामी आफै बनाउछौ "** अन्तरगत शैक्षिक सत्र २०७६ बाट सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारलाई अभियानका रुपमा  कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- धार्मिक प्रकृतिका शिक्षालयहरुलाई  मूलप्रवाहीकरण गरिने छ ।
- भिन्न क्षमता भएका बालबालिकाहरुको शिक्षाको सुनिश्चितताको लागि क्रमशः अवसरहरुको विस्तार गरिने छ ।
- सघन तथा प्रभावकारी अनुगमन तथा सुपरीबेक्षण मार्फत विद्यालयमा सुशासन तथा जबाफदेहिता अभिवृधि गरिने छ ।
- संस्थागत बिद्यालयहरुको मापदण्ड तोकी नियमन गरिने छ ।
- उत्कृष्ठ बिद्यालय र नगरभित्रका बिद्यालयमा अध्ययनरत विद्यार्थीमध्येबाट सर्वोत्कृष्ट नतिजा हाँसिल गने विद्यालय र बिद्यार्थीहरुलाई पुरस्कृत गरिने छ ।
- हाल संचालनमा रहेका बाल विकास केन्द्रलाई आवश्यक शैक्षिक सामग्री  उपलब्ध गराइने छ ।
- बिपन्न जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था मिलाइने छ ।
- विद्यार्थी संख्या तथा विषयगत आधारमा दरबन्दी मिलान गरिनेछ ।
- कक्षा छाड्ने दर घटाउन, नियमितता तथा टिकाउ दरमा अभिबृद्धि गर्न आधारभुत तहका बालबालिकाहरुलाई दिवा खाजा, नियमित स्वास्थ्य परीक्षण एवम छात्रवृत्ति जस्ता प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिने छ ।
- सबै विद्यालयमा शुद्ध खानेपानीको व्यवस्था मिलाइने छ ।
- नगरक्षेत्र भित्र  रहेका सडक बालबालिका, विपन्न, असाह्य, अभिभावक बिहीन, द्वन्द्व प्रभावित बालबालिकाहरुका लागि आवसीय विद्यालय सञ्चालन गरिनेछ ।

- विद्यालयमा ई-हाजिरीको व्यवस्था गरिने छ ।
- हरित विद्यालयको अवधारणा अनुसार प्रत्येक विद्यालयमा बाल उद्धान निर्माण गरिनेछ ।
- प्रविधिमा आधारित विद्यालय अनुगमन प्रणालीको सुरुवात गरिने छ ।
- प्राकृतिक स्रोत तथा व्यवस्थापन कलेजका लागि जग्गा व्यवस्थापन गरिने छ ।

## स्वास्थ्य सेवा तर्फ

- अति बिपन्न वर्गका व्यक्तिहरुलाई सरकारी अस्पतालबाट निःशुल्क उपचारका लागि आवश्यक प्रबन्ध गरिने छ ।
- दक्ष चिकित्सक सहित आधुनिक र सुविधा सम्पन्न सर्पदंश उपचार केन्द्र निर्माण गर्न पहल गरिनेछ ।
- एक वडा एक योग केन्द्र स्थापनाको अवधारणालाई क्रमशः कार्यान्वियनमा ल्याइनेछ ।
- समय समयमा निशुल्क स्वास्थ्य सिविर संचालन गरीने छ ।
- नगरबासीको स्वास्थ्य सेवामा सहज पहुंच पुर्याउन स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालनमा ल्याइने छ र अति बिपन्न वर्गको लागि बिमा सहयोग कोष स्थापना गरि सबैका लागि बिमा कार्यक्रम लागू गरिने छ ।
- वडा नं ४, ६ र १० मा आवश्यक दक्ष जनशक्ति, ल्याव उपकरण  र औषधी सहितको स्वास्थ्य चौकिको स्थापना गरी संचालन गरिने छ ।
- बिद्यमान स्वास्थ्य केन्द्रको स्तरोन्नतिमा जोड दिइने छ । स्वास्थ्य क्षेत्र सुधार अभियान अन्तरगत संस्थागत सुधार र क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ ।
- बर्दिबास अस्पताललाई आधुनिक उपकरण सहित सुविधायुक्त बनाइने छ ।
- बहुक्षेत्रीय पोषण योजनालाई  कार्यान्वियन गरिने छ ।
- महामारी रोगहरुको नियन्त्रणका लागि आवश्यक योजना र संयन्त्रको निर्माण गरिने छ ।
- आयुर्वेदिक, होमियोपेथिक स्वास्थ्य केन्द्र स्थापना गर्न पहल गरिने छ ।
- मोति विन्दु र पाठेघर खस्ने रोगको निशुल्क स्वास्थ्य उपचारको लागि स्वास्थ्य सिविर सञ्चालन गरिने छ ।
- विशेषज्ञ सहितको आँखा अस्पताल  सञ्चालन व्यवस्थापनका लागि आवश्यक पहल गरिने छ ।
- पूर्ण खोप सुनिश्चितता गरिने छ ।
- स्वास्थ्य स्वयम् सेविकाहरुलाई विगतमा दिदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिइने छ ।

## खानेपानी तथा सरसफाई

- दुई बर्ष भित्र सबै नगरबासीलाई शुद्ध खानेपानी व्यवस्थापन गर्न एक घर एक धाराको नीति अवलम्बन गरिनेछ ।

## समाबेसीकरण, गरिबी निवारण तथा कला संस्कृति तर्फ

- युवाहरुमा सीपमूलक र व्यवसायिक तालिम मार्फत सिर्जनात्मक क्षमताको विकास गरी स्वरोजगार सिर्जना हुने कार्यक्रम ल्याइने छ।
- महिलाद्वार सञ्चालित घरेलु उद्योग,कृषि फार्म, पशु फार्म, व्यापार र व्यवसायको करमा विशेष छुट तथा अनुदानको व्यवस्था मिलाइने छ ।
- महिला हिंसा तथा बालबिवाहको अन्त्य गर्न आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- बालश्रम मुक्त यस नगरलाई बालमैत्री नगरको रुपमा विकास गर्न पहल गरिने छ ।
- एक दलित बस्ती एक उत्पादन केन्द्र स्थापना गरी दलित समुदायलाई आर्थिक रुपले सबल बनाइने छ ।
- नगर क्षेत्र भित्र छुवाछुत तथा सामाजिक विभेदलाई पूर्ण रुपमा अन्त्य गर्न आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- बालमैत्री स्थानीय शासनलाई कार्यन्वयन गर्दै अघि बढिनेछ  ।
- बालबालिकहरुको विकासका लागि बाल विवाह, दहेज/दाइजो प्रथा उन्मुलन गरी सामाजिक विकृति न्यूनीकरण गरिने छ ।
- युवालाई तालिम दिन उद्यमशिलता विकास केन्द्र स्थापना गरिने  छ ।
- महिला , दलित, जनजाती र विपन्न बर्गको शसक्तिकरणका लागि लोकसेवा तयारी कक्षा सञ्चालन गरिने छ  ।
- नगर स्तरिय साँस्कृतिक केन्द्रको स्थापना गर्न बिशेष पहल गरिनेछ  ।

- शहिद परिवार, वेपत्ता परिवार, सशस्त्र युद्धका क्रममा घाइतेका लागि विशेष कार्यक्रम ल्याइने छ ।
- निर्मल लामा प्रतिष्ठान, पारिजात स्मृति पार्क तथा शहीद स्मारक पार्क निर्माणका लागि आवश्यक कार्य अघि बढाइने छ ।

**खेलकुद तर्फ**

- बर्दिबास नगरपालिका २ मा रहेको खेल मैदानलाई राष्टिय सुविधा सम्पन्न रंगशाला निर्माण गर्न आवश्यक पहल गरिने छ ।
- मेयर ब्याडमिन्टन प्रतियोगितालाई निरन्तरता दिईने छ । साथै अन्य खेलहरुमा मेयरकप प्रतियोगिताहरु क्रमशः संचालनमा ल्याईने छ ।
- नगर भित्रका सबै वडामा नगर बाल उद्यान निर्माण कार्यलाई अघि बढाइने छ ।
- नगर खेलकुद विकास समिति मार्फत फुटवल ,भलिवल, क्रिकेट, ब्याडमिन्टन लगायतका खेलहरुको विकासमा जोड दिइनेछ ।
- नगरस्तरीय खेलकुद समिति मार्फत वडा वडामा रहेका खेलाडीहरुलाई ब्यावसायीक बनाउने नीति अंगिकार गरिने छ ।
- एक वडामा न्युनतम एक खेल मैदान निर्माण गर्ने नीतिलाई क्रमशः लागु गर्दै लगिने छ ।
- राष्टिय स्तरका खेलाडीलाई प्रोत्साहित गर्न खेलाडि सम्मान कार्यक्रम ल्याइने छ ।

**घ) वन, वातावरण तथा विपद व्यवस्थापन**

**वन, बन्य जन्तु भू संरक्षण**

- सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियति वनको संरक्षण गरिनेछ ।
- नदी किनार, नदी उकास, सार्वजनिक खालि जग्गा, पाखा तथा सडक किनारमा वृक्षारोपण गरिनेछ ।
- जडिबुटी खेतिका लागि खयरमारा माइस्थान, गौरीबास क्षेत्रमा सर्वेक्षण गरी उत्पादनको व्यवस्था गरिने छ ।
- प्रत्येक बर्ष कम्तिमा १० हजार बिरुवा बृक्षारोपण गरिनेछ ।
- जलवायु परिवर्तन अनुकुलन कार्यक्रमहरु संचालनमा विशेष प्राथमिकता दिइने छ ।

**वातावरण, पर्यावरण एवम जलाधार क्षेत्र संरक्षण**

- भूमीलाई वर्गिकृत गरि आवास, ओद्योगिक,कृषि, वन, सिमसार क्षेत्रमा विभाजन गरी सोही अनुरुप भू उपयोग गर्ने नीति लिइने छ ।
- विगत लामो समयदेखि भोगाधिकार रहेको जग्गाहरुलाई करको दायरामा ल्याइने छ ।
- आधिकारिक स्वामित्वका आधारमा लालपुर्जा वितरण गर्न संघिय सरकारसँग पहल गरिने र बाझो जमिनलाई उत्पादनमूलक प्रयोगमा ल्याउन कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- वायु तथा ध्वनीको प्रदुषण नियन्त्रण सम्बन्धि जनचेतनामुलक अभियान संचालन गरिने छ ।
- बातावरण प्रदुषण गर्ने उद्ययोगलाई नियमन गरिनेछ ।
- नगर भित्र रहेका निजी, सरकारी, गैर सरकारी विद्यालय र कलेजको २०० मिटर वरपर हानीकारक सुर्ति, मदिरा जन्य पदार्थ बेचविखनमा रोक लगाईने छ ।
- बजार तथा बाटोमा नियम विपरित जथाभावी होडिङ बोर्ड राख्न रोक लगाईने छ ।
- प्राकृतिक श्रोत दोहन कार्यलाई रोक लगाइने छ ।
- चुरे क्षेत्र संरक्षणका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

**फोहोरमैला व्यवस्थापन**

- नगर भित्रको फोहरमैला व्यवस्थापनका लागि सरकारी , सहकारी र निजी साझेदारीको नीति अवलम्बन गरिने।
- फोहोरलाई मोहर बनाउने नीति लिइनेछ ।
- फोहोरमैलालाई श्रोत मै वर्गिकरण गर्न आवश्यक प्रबन्ध गरिने छ ।
- नगर भित्रको फोहोरलाई पुनः प्रयोग गर्ने गरी वैज्ञानिक ढंगले गर्न Recycle Center को स्थापना गरिने छ ।

- Recycle Center लाई पर्यटक क्षेत्रको रुपमा विकास गरिने छ ।
- नगरलाई हराभरा र स्वच्छ बनाउन एक घर दुई विरुवा रोपण कार्यलाई प्रोत्साहित गरिने छ ।
- फोहोरमैला संकलन पुन उपयोग, प्रसोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन गर्न आवश्यक कानूनको निर्माण गरिने छ ।
- सार्वजनिक शौचालयलाई व्यवस्थित गरिने छ ।

### विपद व्यवस्थापन, बारुण यन्त्र, एम्बुलेन्स सञ्चालन तर्फ

- विपद व्यवस्थापनलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापन कोषमा आवश्यक बजेट विनियोजन गरिनेछ ।
- नगर भित्रका विपद जोखिम क्षेत्रको नसाङ्कन तथा बस्तीहरुको पहिचान गरी स्थान्तरणको लागि आवश्यक प्रक्रिया थालनी गरिनेछ ।
- नगर भित्रका नदीका कारण नगरवासीले भोग्नु परेको समस्यालाई न्यूनीकरण गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।
- विपद, जोखिम, न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली सम्बन्धि कार्यक्रमको तर्जुमा र कार्यान्वियन गरिने छ ।
- विपद पुर्व तयारी तथा प्रतिकार्य क्षमता विकास सम्बन्धि कार्ययोजना बनाई कार्यान्वियन गरिनेछ ।
- विपद जोखिम न्युनिकरण गर्नका लागि सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- विपद व्यवस्थापनका लागि उद्धार तथा आवश्यक सामाग्रीहरुको व्यवस्थापन गरिनेछ ।
- सुरक्षाकर्मीको समन्वयमा बारुणयन्त्रको परिचालन र व्यवस्थापन प्रभावकारी बनाइनेछ ।बुलेन्सको व्यवस्थापनलाई प्रभावकारी बनाइने छ ।

### ङ) सुशासन तथा संस्थागत विकास

- संघिय सरकार प्रदेश सरकार र स्थानिय सरकारबिच सह अस्तित्व सहकार्य र समन्वयको सिदान्त अवलम्बन गरिनेछ ।
- नगरकार्यपालिकाको कार्यबोझ राजस्व क्षमता, खर्चको आकार, स्थानिय आवश्यकतालाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा विषयगत शाखा वा महाशाखाको संगठन संरचना तयार गरिनेछ ।
- स्थानिय सेवाको गठन, संचालन, व्यवस्थापन तथा सेवाको शर्त तथा सुविधा सम्बन्धी कानून तर्जुमा गरिनेछ ।
- सेवा प्रवाहलाई छिटो, छरितो, सरल, सहज, पारदर्शी, गुणस्तरीय र सुचना प्रविधिमैत्री बनाइनेछ ।
- न्यायिक समितिको कार्यसम्पादनलाई थप सृदुढीकरण गरिनेछ र प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरी कार्यान्वियनमा ल्याइनेछ ।
- राजस्व संकलनलाई प्रविधिमैत्री बनाई समसामयिक सुधार गरिनेछ ।
- नगरपालिकाबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र कार्यदक्षतापुर्ण ढंगबाट सम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियन गरिनेछ ।
- सेवा प्रवाहमा थप प्रभावकारिता तथा सुशासन प्रवर्द्धन गर्न नगरपालिकाको कर्मचारीलाई स्थानिय प्रोत्साहन सुविधा प्रदान गर्ने सम्बन्धि कानून बनाइ लागू गरिनेछ ।
- सरकारी, गैरसरकारी, सामुदायिक संघ संस्था तथा निजी क्षेत्र संग आवश्यक समन्वय र साझेदारी गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्रका आफ्नो क्षेत्राधिकारको सार्वजनिक सम्पत्तीहरुको रेखदेख तथा मर्मत संभारको आवश्यक प्रबन्ध मिलाइनेछ ।
- उपभोक्ता समिति मार्फत संचालित योजनाहरुमा शुन्य पेश्कीको निती अवलम्बन गरिने छ ।
- न.पा. कार्यालयमा डिजिटल नागरिक बडापत्र तथा वडा कार्यालयहरुमा नागरिक बडापत्र सुझाव पेटिका सुचना पार्टी राखिनेछ ।
- राजस्व संकलन कार्यलाई चुस्त दुरुस्त र प्रभावकारी बनाउन टोकन प्रणाली अवलम्बन गरिनेछ ।
- सवै कर्मचारीहरुलाई क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ ।
- न.पा. अन्तरगत सबै वडाहरुलाई बिद्युत्तिय सञ्चारसँग आवद्ध हुने अवधारणा (पेपर लेस गभरेन्स) प्रयोगमा ल्याउने नीति लिइनेछ ।
- न. पा.मा भएका निर्णयहरु विद्युत्तीय माध्यमबाट अभिलेखिकरण गरी सार्वजनिक गर्ने नीति लिइने छ ।

- उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- महालेखा परीक्षकको कार्यालयबाट औल्याइएका सबै किसिमका बेरुजु फछ्र्यौट कार्यलाई प्रभावकारी रुपमा अगाढी बढाइनेछ ।
- नगरमा कर संकलन कार्यलाई अभियानको रुपमा सञ्चालन गरी  सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने कार्यको थालनी गरिने छ ।

धन्यवाद !